पाँच

# राज्यमा विद्रोही

# काम खुद्रा-मसिना, गफै ठूला

## खगेन्द्र संग्रौला

राजनीतिका नानावली 'बुँदे' हरूको लस्करमा २०६३ कात्तिक २२ गते अर्को ६ बुँदे थपिन आयो। विचारहरूको झडपकारी डबलीमा अहिले यसैको चर्चा धुमधाम छ। लाग्छ, पछिल्लो यो ६ बुँदे सहमति एउटा त्यस्तो धार्मिक स्तोत्र हो जसको धर्मभीरूले झैँ एकोहोरो जप गर्न मात्र पाइन्छ। आँखा चिम्लेर यसको जप नगर्ने, यसलाई आलोचनाका नजरले हेर्ने र चित्त नबुझेका कुरामा भिन्न मत राख्नेलाई केही न केही भन्न थालिसकियो। 'प्रतिगामी', 'यथास्थितिवादी', 'कुतत्त्व' हो के-के यस्तै-यस्तै। माओवादी मित्रहरूको मंगलबारे *जनादेश*को सम्पादकीयको भाका पनि झण्डैझण्डै यही पाराको रहेछ। छक्क पर्दै पढेँ। त्यसैले ६ बुँदे सहमतिको आलोचनात्मक टिप्पणी गर्दा तीखो न तीखो तारो भइने खतरा छ। तर के लाग्छ, ठ्याक्कै रोजेजस्तो र खोजेजस्तो नहुने यो नाथे जिन्दगी सदैव खतरा झेल्नकै लागि रहेछ।

उसो त ६ बुँदे सहमतिलाई मैले बिल्कुल अर्थहीन ठानेर थोक भाकामा गिज्याउन वा होच्याउन खोजेको होइन। हो, यो सहमति अर्थपूर्ण छ। हतियार थान्को लाउन धेरै लामो किचकिचपछि बल्ल आठ दलको मतो मिलेको छ। कानूनको नौ सिङ्गे विधि मिलाएर माओवादीलाई सरकारमा भित्र्याउने दैलो

*कान्तिपुर,* २०६३ कात्तिक २९

उघार्ने बाचा-कबोल पनि भएको छ । त्यो पनि हचुवा होइन, बकाइदा तिथिमिति तोकेर । यहाँसम्म कुरो मनासिप छ । तर यत्तिकैमा यस ६ बुँदेलाई 'ऐतिहासिक', 'युगान्तकारी', 'स्वर्णीम चरणको थालनी', 'झल्झलाकार कोसे ढुङ्गो', 'उज्यालो भविष्यको पुञ्ज' आदि इत्यादि भनेर गमक्क पर्दै आफ्नै हातले आफ्नै गलामा माला लगाउँदै हिँड्नुको भने कुनै तुक म देख्दिनँ ।

हो, यो सहमतिमा कष्टप्रद द्वन्द्व थान्को लाग्ने, सुखद् शान्ति प्रक्रियाले गति लिने र दुनियाँले चैनको सास फेर्न पाउने झीनो लक्षण दृष्टिगोचर हुँदै नभएको होइन । त्यसैले ठिक्क अड्कलेर खुसी हुन पाइन्छ । तर जगतै जितेँ भनेझैँ गरी हुल बाँधेर हल्ला गर्दै खुसी हुनुपर्ने कारण केही छैन । साइज मिलाएर फिस्स हाँसे पुग्छ । नजितिएको बाजी जितियो भनेर भ्रमित हुँदा जितबाजीको बाटोमा विराम चिह्न लाग्छ । ६ बुँदे सहमतिबाट माओवादी मित्रहरू यति विघ्न खुसी हुनुपर्ने बाध्यता के हुँदो हो कुन्नि बुझ्न नसकेर यो अकिञ्चन प्राणी बिलखबन्द परेको छ । मलाई त लाग्छ, तिनको विजयोन्मादले सहमतिको हैसियत तौलिने, यसका अपूर्णता र अस्पष्टताहरू ठम्याउने र यसलाई मूर्त रूप दिने कामलाई नै छायाँमा पारिदिएको छ । यो शुभको सूचक किमार्थ होइन ।

शङ्कर लामिछानेको भाकामा 'एब्सट्र्याक चिन्तन-प्याज' भनुँभनुँ लाग्ने यो सहमतिको स्रेस्ता जब शिरदेखि पुछारसम्म पढेँ, मेरो मनमा एउटा ननिको प्रश्नले मुन्टो उठायो । सारमा यो सहमति अग्रगतिको आधार हो कि यथास्थितिको खेलो-फड्को हो ? झट्ट सुन्दा यो प्रश्न हदै अप्रिय छ । तर यसका पछिल्तिर मेरा केही तर्कहरू छन् । कागजी क्रिडाका कुरा नगरुँ, नेपाल सरकारका यतिन्जेलका यावत् काम-कुरा यथास्थितिकै जोगाउ गर्ने खालका छन् । परिवर्तनको हावाले राज्ययन्त्रको कुनै निकायलाई लेस मात्र पनि छोएको छैन । सेनादेखि सर्वोच्च अदालतसम्म शाही अत्याचारका मतियारहरूकै वर्चस्व कायम छ । प्रहरीगणदेखि भृत्यतन्त्रसम्म सर्वत्र पुरानै अनुहारहरूको हालीमुहाली यथावत् छ । यी सङ्कुचित, भ्रष्ट र क्रुर संस्थाहरूभित्र आजका मितिसम्म वास्तविक सुधारका नाउँमा एउटा सिन्कोसम्म पनि भाँचिएको छैन । यस अर्थमा नेपाल सरकारका 'ऐतिहासिक' भनिएका घोषणाहरू केवल हाँसका पखेटामा पानी मात्र हुन् । यी देखाउने दाँत हुन्, खाने दाँत नारायणहिटी राजदरबारको भङ्ग गर्न आँट नगरिएको सैनिक सचिवालयमा चुपचाप सहीसलामत छ ।

लाग्छ ताजा 'ऐतिहासिक' ६ बुँदे सहमति यथास्थिति जोगाउने यिनै यत्नहरूको सिलसिलामा अर्को एउटा कडी हो । थोत्रो संसद् छाडेर नयाँ संसद्मा जानु भनेको इतिहासको धमिलो फेदीबाट माथि मिरमिरे चौतारीतिर उकालो लाग्नु

हो । तर लक्षण भन्छ, हाम्रो इतिहास फेदीबाट उकालो नलाग्ने भो । छाँटले दलका दाजुहरूले उकालो लाग्न नदिने भए । आठ-दस थान शाही सेवकहरू बाहेक थोत्रो संसद्का जम्मै सांसद्हरू नयाँ संसद्मा सर्लक्कै सरुवा हुने रे । थाहा छ, यिनमा ठूलो सङ्ख्या यथास्थितिवादीहरूको छ । यिनलाई अझ राजैवादी भने पनि हुन्छ । १२ बुँदे समझदारीको जायजन्म हुनुअघि यीमध्ये थुप्रै पत्रुहरू "हाम्रो पार्टीमा पनि गणतन्त्रका कुरा गर्नेहरू छन्" भनेर सडक सङ्ग्राममा ज्यान हत्केलामा राखेर अन्धकारसँग जुध्नेहरूलाई हाक्काहाक्की गिज्याउँदै थिए । नयाँ अन्तरिम संसद्मा स-सम्मान आसन ग्रहण गरेर अब यी सकल पत्रुहरूले सद्दे पात्रको नक्कली सर्टिफिकेट पाउने भए । पात्र र चरित्र पुरानै हो, केवल यिनको नाउँ नयाँ हुने भो । मनोवृत्ति र संस्कार पुरानै हो, केवल यिनको पगरी नयाँ हुने भो । र यसरी यी संविधानसभाको चुनाउका उम्मेदवार बन्न पनि लायक ठहरिने भए । अनि यस्ता बासीहरूको बिगबिगी हुनसक्ने संविधानसभाले राजाको उँधौलीका पक्षमा हात उठाउला ? दुखिया जिन्दगी आशा त गर्नै पर्‍यो, तर आश्वस्त हुने ठाउँ भने छैन । संविधानसभामा सिंहदरबार र नारायणहिटीका पत्रु-पत्रु एक होऔँ भन्ने भावको मितेरी साइनो गाँसिने सम्भावना प्रवल छ । तैपनि कमरेड प्रचण्ड भने यो सम्भावित पत्रु भीडको हातबाट राजतन्त्रको अन्त्य हुने कुरामा ढुक्क हुनुहुन्छ । यो कुरा माओवादी *जनादेश*मा छ । गजप छ बा !

खोटाहरूसहित भएभरका संसद्हरू स्वतः नयाँ संसद्मा सरुवा हुनुको अर्थ राज्य संरचनामा जस्तै दलीय संरचनामा पनि सुधारको सिन्को नभाँच्नु हो । र यो नयाँ पात्र, नयाँ दृष्टि, नयाँ आवेग र नवीन सपनालाई दलभित्र र सत्ताभित्र स्पेस नदिने दाउ हो । आफू नफेरिने, सत्ताका कुर्सी बाँड्दा दलभित्रका सद्दे र खोटा तत्त्वहरूको कपड्छान नगर्ने, दलभित्रको ठालुतन्त्रलाई अकन्टक राख्ने अनि म इतिहास फेर्छु म सामन्ती राजतन्त्रलाई कान्लामुनि हुत्याइदिन्छु, म नयाँ युगको ढोका खोल्छु भनेर डिङ हाँक्नेहरूलाई हामी के भन्ने ?

अरूका कुरा नगरु, माओवादीका काँधमा इतिहासको ठूलो दायित्व छ । ऊ रगतपच्छे बाटो हिँडेर यहाँसम्म आइपुगेको छ । उसका शिरमा थुप्रै हजार जीवनको चुक्ता गर्नुपर्ने ऋणभार छ । ऊ आफ्ना बाचाहरूले बाँधिएको छ । र उसमाथि समाजको नारकीय पिँधमा रहेका भोका-नाङ्गा मानिसहरूको आशा पनि छ । तर ६ बुँदे सहमतिको रूप र सार हेर्दा मनमा कताकता शङ्का लाग्छ, कतै माओवादी आफ्ना वाचाहरूबाट पत्तै नपाइकन चिप्लिन थालेको त होइन ? नत्र अन्तरिम संसद् नामक पत्रु पात्रहरूसहितको भीडलाई उसले किन स्वीकार

गरेको होला ? यो भीड आर्थिक दृष्टिले बाटोको अल्झो हो भन्ने सरल सत्य उसले किन बुझ्न नचाहेको होला ?

६ बुँदे सहमति हेर्दा अरू कुरा त खोई कुन्नि माओवादी भने पक्का फेरिने लक्षण देखें। ऊ हतियारधारीबाट हतियारविहीनमा फेरिँदैछ। ऊ हिंसाको राजनीतिबाट निस्केर विचारको राजनीतितिर लम्किँदै छ। यहाँसम्म कुरो ठीक छ।

तर छनक-भनक नियाल्दा लाग्छ, माओवादी आफू सुहाउँदो आफू हुन छाडेर, आफ्नो यात्राका डोबहरू बिर्सेर बेपत्तासँग भड्किएर कतै अर्को एमाले बन्ने त होइन ? मेरो आशङ्कालाई कमरेडहरू क्षमा गरून्, तर एमालेले भन्ने गरेजस्तो 'हदैसम्मको लचकता' ले माओवादीलाई बनाउने आखिर एमाले नै हो। हामीलाई एउटै एमाले पर्याप्त छ, अर्को एमालेको बोझ किन चाहियो ?

काम खुद्रा-मसिना गर्ने र गफै मात्र ठूला गर्नेहरूसँग नेपाली जनता हुनसम्म आजित भएका छन्। अब माओवादीले गर्ने के हो ?